राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY






वर्ष-१५ ।। अङ्क : १९ ॥ २०७९ फागुन ०६ गते शनिबार (18th Feb 2023 Saturday) **Pratidin** National Daily dNo-?÷%÷-


# मतदानबाटै राष्ट्रपति चयन–सभामुख

बिर्तामोड(प्रस) ।प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले सहमति र विमतिका आधारमा नभई मतदानबाटै राष्ट्रपति चयन गरिनुपर्ने बताएका छन् । यो भए सहमति हुने त्यो भए सहमति नहुने भन्ने निश्चित पार्टी विशेष र निश्चित नेता विशेषले टुंगिने विषय नभएको भन्दै निश्चित मतदाताहरुबीच छलफल र सहमति गरेर राष्ट्रपति चयनलाई टुंग्याउनु पर्ने धारणा राखे । प्रेस चौतारी झापाको संयोजनमा शुक्रवार आयोजित पत्रकार सम्मेलनमा बोल्दै सभामुख घिमिरेले मतदाताहरु कसलाई चाहन्छन् भन्ने विषय उनीहरु आफैले टुंग्याउने बताए । राष्ट्रपति बन्न चाहने व्यक्तिभन्दा पनि व्यक्तिको भूमिकाको विषय सान्दर्भिक भएको बताउँदै उनले देशलाई बुझेको , संविधान बुझेको कार्यान्वयन गर्न सक्ने खाँचो रहेको धारणा व्यक्त गरे । राष्ट्रपतिको



निर्वाचनपछि देशले एउटा दिशा लिने उनको भनाई छ । सभामुख घिमिरेले संसदमा रहेका दलहरुबाटै अहिलेको शासन व्यवस्थामाथि खतरा बढेर गएको आरोप लगाए । उनले संविधानविपरीत हुने गरी गतिविधि र धारणाहरु संसद् र सडकमा देखिन थालेको टिप्पणी गरे । संविधानले राजतन्त्ररहित व्यवस्था अंगीकार गरेको अवस्थामा सरकारमा रहेको पार्टी नेकपा एमालेकै केन्द्रीय सदस्यले मुलुकमा राजतन्त्र चाहिन्छ भनेर मेची-महाकाली अभियान गरिरहेकोप्रति उनले आपत्ति जनाए । केही दिनअघि एमाले केन्द्रीय सदस्य एवं मेडिकल व्यवसायी दुर्गा प्रसाईले पूर्वराजा ज्ञानेन्द्र शाहको उपस्थितिमा झापाको पूर्वीनाका काँकडभिट्टाबाट मेची-महाकाली अभियान शुरु गरेका थिए ।सभामुख घिमिरेले भने, 'नेकपा एमालेका केन्द्रीय सदस्य राजतन्त्र चाहिन्छ भनेर मेची-महाकाली अभियानमा युवाहरुलाई लिएर हिँडेका छन् ।

यसप्रति सरकारको के दृष्टिकोण हो ? पार्टीको के दृष्टिकोण हो ? स्पष्ट हुन जरुरी छ ।'

सभामुख घिमिरेले वर्तमान राजनीतिक परिस्थिति राष्ट्रको लागि संकट उन्मुख रहेको बताए । उनले सरकारमा रहेकै केही पार्टीबाट संघीयताप्रति खतरा बढेको भन्दै चिन्ता व्यक्त गरे । सभामुख घिमिरेले संघीयताको मर्मअनुसार सरकारमा पुग्ने तर सरकारमा पुगेर संघीयताविरुद्ध गतिविधि गरेको भन्दै आपत्ति जनाए ।

# सहकारीका बचतकर्ताद्वारा सिडिओ कार्यालय घेराउ




झापा(प्रस) ।एकैपटक बचत फिर्ता दिनुपर्ने दबाबले संकटमा परेको विराटनगरस्थित तुलसी सहकारीका बचतकर्ताहरूले जिल्ला प्रशासन कार्यालय घेराउ गरेका छन् ।

बचतकर्ताहरूले शुक्रबार जिल्ला प्रशासन कार्यालय मोरङ घेराउ गर्दै प्रदर्शन गरेका हुन्। मंगलबार निक्षेपकर्ताहरूसँग मोरङ प्रशासनको छलफल भएको थियो। छलफलमा सञ्चालक समितिका सबै पदाधिकारी तथा सदस्यहरूले ३ दिनभित्र समस्याको निकास निकाल्ने विषयमा सहमति जनाएका थिए। तर, हालसम्म सहमति कार्यान्वयनमा सहकारीले कुनै चासो नदेखाएपछि बचतकर्ताहरूले सिडिओ कार्यालय घेराउ गर्दै चर्को नाराबाजी गरेका हुन्। तुलसी सहकारीका सञ्चालकलाई तत्काल पक्राउ गरी कानुनी कारबाही अघि बढाउनुपर्ने उनीहरूको माग छ। सहकारीले विराटनगरका मात्रै ५ हजारभन्दा बढी बचतकर्ताहरूको रकम हिनामिना गरेको उनीहरूको आरोप छ। बचत गरेको रकम फिर्ता गर्न समेत सहकारीले आनाकानी गर्दै आएको मोरङको कटहरी गाउँपालिका वडा नम्बर १ निवासी भानु थपलियाले बताइन्। बचत फिर्ता माग्दा जाँदा कर्मचारीहरूले तरलता अभावका कारण पैसा फिर्ता गर्न नसकिने जवाफ दिने गरेको उनले सुनाइन्। 'म ३ वर्षदेखि उक्त सहकारीमार्फत् कारोबार गर्दै आएकी छु। हालसम्म मैले २५ लाख रुपैयाँ बचत गरिसकेको छु,' उनीले भनिन्, 'तर, बचत फिर्ता माग्न जाँदा २/३ हजार रुपैयाँ पनि दिन मान्दैनन्।' विराटनगर महानगरपालिका-२ स्थित मुनालपथमा तुलसी बहुउद्देश्यीय सहकारी संस्थाको मुख्य कार्यालय छ। विराटनगरमा मात्रै सहकारीको ५ हजारभन्दा बढी बचतकर्ताहरू छन्। झापाको दमक, उदयपुरको गाईघाट र सिराहाको गोलबजारमा पनि सहकारीको शाखा कार्यालय


❖ बाँकी अन्तिम पृष्ठमा







# बिर्तामोडमा अन्तर्राष्ट्रिय महोत्सव शुरु

बिर्तामोड(प्रस) । झापाको बिर्तामोडमा अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव शुरु भएको छ ।

दुई सयभन्दा बढी व्यापारिक स्टलहरु रहेको महोत्सवको उद्घाटन सभामुख देवराज घिमिरेले गरे । महोत्सवमा नेपालसहित भारत, बंगलादेश र पाकिस्तानको समेत व्यवसायिक स्टलहरु रहेका छन् ।

फागुन १५ गतेसम्म सञ्चालन हुने महोत्सवमा ४५ करोड रुपैयाँ बरावरको कारोबार हुने अपेक्षा गरिएको महोत्सव मूल आयोजक समितिका संयोजक राजु न्यौपानेले बताए ।

महोत्सवको उद्घाटन गर्दै सभामुख घिमिरेले आर्थिक रूपमा देश समृद्ध बनाउनका लागि सरकार र निजी क्षेत्र दुवै मिलेर चुनौतिहरूको सामना गर्नु पर्ने धारणा राखे ।

उनले देशको अर्थतन्त्र संकटमा पर्दै गएको र सभामुखको तर्फबाट संसदमा आर्थिक अवस्था सुधारका लागि भूमिका निर्वाह गर्ने बताए ।

बिर्तामोड उद्योग वाणिज्य संघले महोत्सवको आयोजना गरेर आर्थिक अवस्थालाई चलायमान बनाउन भूमिका निर्वाह गरेको भन्दै सभामुख घिमिरेले प्रशंसा गरे । उनले झापाका पर्यटकीय क्षेत्रको विकासका लागि पनि वाणिज्य संघले भूमिका खेल्ने विश्वास ब्यक्त गर्दै आफ्नो तर्फबाट सदैब सहयोग गर्ने प्रतिवद्धता जनाए । बजेटमा २० प्रतिशत बजेट कटौती गर्न अर्थ मन्त्रालयले पत्राचार गरेको अवस्थाले मुलुकको अर्थतन्त्र धरासायी बन्ने संकेत गरेको भन्दै सभामुख घिमिरेले अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्र एकजुट भएर अघि बढ्नु पर्ने धारणा राखे । उनले महोत्सव सफल बनाउन निजी क्षेत्र, स्थानीय, प्रदेश



र संघीय सरकारका साथै राजनीतिक दलको भूमिका महत्वपूर्ण हुने विचार व्यक्त गरे ।

कार्यक्रममा उपसभामुख इन्दिरा राना मगरले बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक महोत्सव प्रदेश १ कै गौरवको विषय भएको बताइन् । उनले सबै पक्षको सहकार्यमा महोत्सव सफल हुने बिश्वास ब्यक्त गरिन् ।

उपसभामुख रानाले समृद्ध मुलुक निर्माणका लागि कृषि उत्पादनमा लाग्नु पर्ने,महिला उद्यमीहरूले आत्मनिर्भर हुँदै सीप हस्तान्तरण गर्दै जानु पर्ने धारणा राखिन् ।

कार्यक्रममा प्रदेश नम्वर १ का उद्योग, कृषि तथा सहकारी मन्त्री भक्तिप्रसाद सिटौलाले आर्थिक मन्दीका कारण सरकारको अवस्था कमजोर रहेको बताए । मन्त्री सिटौलाले सरकारले लगानी गरेर दिएका तालिम अनुत्पादक हुनुका साथै लक्षित वर्गले अनुदान समेत प्राप्त गर्न नसकेको बताउँदै सहकारीका नाममा संगठित ठगी हुने गरेको बताए । उनले त्यसतर्फ समेत सरकारको ध्यान केन्द्रित भएको धारणा राखे ।

कार्यक्रममा सार्क चेम्बर अफ कमर्सका उपाध्यक्ष तथा नेपाल वाणिज्य महासंघका पूर्व अध्यक्ष चण्डीराज ढकालले आर्थिक मन्दीका बीच पनि महोत्सवको आयोजना गरेर स्वदेशी उत्पादनहरुको बजारीकरण गर्न खोज्नु सह्रानीय भएको धारणा राखे । उनले सरकार आउने र जाने क्रमले अर्थतन्त्रको विकासका लागि नीतिगत व्यवस्था हुन नसक्दा निजी क्षेत्र अप्ठ्यारो स्थितिमा पुगेको बताए । आर्थिक व्यवस्था सुधारका लागि सरकारले निजी क्षेत्रसंग छलफल गर्नु अपरिहार्य भएको उनको भनाई थियो ।

कार्यक्रममा संविधानसभा सदस्य मनकुमार गौतम, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व उपाध्यक्ष उमेशलाल श्रेष्ठ, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य हेमराज ढकाल, कमला श्रेष्ठ, नेपाली कांग्रेस झापाका जिल्ला सभापति देउमान थेवे, नेकपा एमालेका नेता छविलाल विश्वकर्मालगायतले शुभकामना मन्तव्य राखेका थिए । महोत्सवका विषयमा बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष तथा महोत्सव मूल आयोजक समिति संयोजक राजु न्यौपानेले स्वागतसहित औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको अध्यक्षता बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीले गरेका थिए ।

कार्यक्रमको सञ्चालन संघका महासचिव अर्जुनकुमार मैनाली तथा सञ्चारकर्मीद्वय केशव भट्टराई र लीला अनमोलले गरेका थिए । कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघले सभामुख घिमिरे र उपसभामुख रानालाई सम्मान गरेको थियो । सम्मानित सभामुख र उपसभामुखको सम्मानपत्र संघका सचिव कुशल खतिवडाले वाचन गरेका थिए । *(फोटो पृष्ठ ३ मा )*


## बिर्तामोड खानेपानीको अत्यन्त जरूरी सूचना

संस्थामा आसन्न निर्वाचनलाई मध्यनजर गरी उपभोक्ता परिचय-पत्र बनाउने कार्य धमाधम भइरहेकोले विगतमा अभिलेखमा फोटो नभएका र परिचय-पत्र नबनाएका उपभोक्ताहरुलाई यही मिति २०७९।११।१५ गतेभित्रमा संस्थाको मुख्य कार्यालय भवनमा तपसिलका कागजातसहित उपस्थित भइदिनुहुन सादर अनुरोध छ ।

**तपशिल**

१) २०७९ माघ महिनासम्मको पानी महशुल तिरेको रसिद
२) उपभोक्ता ग्राहक नम्बर
३) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

**बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, बिर्तामोड-५, झापा**





# ब्रिज इन्टरनेशनलको शाखा सञ्चालन



बिर्तामोड(प्रस) । काठमाडौंमा मुख्य कार्यालय रहेको ब्रिज इन्टरनेशनलले शैक्षिक परामर्श दिने उद्धेश्यले झापाको बिर्तामोडमा शाखा सञ्चालन गरेको छ ।

विदेश अध्ययनका लागि जाने विद्यार्थीलाई उचित शैक्षिक परामर्शसहित बिभिन्न कक्षा संचालनसहित अध्ययनका लागि जाने विदेशका बिद्यालयको बिषयमा जानकारी दिन बिर्तामोडमा शाखा सञ्चालन गरेको ब्रिज इन्टरनेशनलका एक्जुकेटिभ चेयरमेन भुवन गिरीले बताए । ब्रिजको बिर्तामोड शाखाको उद्घाटन शुक्रवार बिर्तामोड नगरपालिकाकी प्रमुख पवित्रा महतारा प्रसाईले गरेकी हुन् ।

कन्सल्टेन्सीले विद्यार्थीको नेतृत्व विकास गरी विदेश पठाउने, भाषा सिकाउने, अध्ययनका लागि भिषा प्राप्त गर्नअघि तथा भिषा प्राप्त गरिसकेपछि ओरेन्टेशन सेमिनार सञ्चालन गर्ने साथै विद्यार्थीहरुका जिज्ञासाहरुको समाधान गर्नेलगायतका कार्य गर्ने जनाइएको छ । कन्सल्टेन्सीका एक्जुकेटिभ चेयरमेन गिरीको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगर प्रमुख प्रसाईको प्रमुख आतिथ्य रहेको थियो । उद्घाटन कार्यक्रममा बिर्तामोड-३ का वडाध्यक्ष मदन बुढाथोकी, नेपाल दशनामी समाजका बरिष्ठ केन्द्रीय उपाध्यक्ष गोबिन्दबिक्रम गिरी, फर्निचर तथा फर्निसिङ ब्यवसायी संघ झापाका अध्यक्ष चन्द्रप्रसाद गिरी, मोडल स्मारिका तथा समारिका ढकाल, नेपाल दशनामी समाज प्रदेश नं. १ उपाध्यक्ष शारदा गिरीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन बिर्तामोड शाखाका प्रमुख जितेन्द्र गिरीले गरेका थिए । कन्सल्टेन्सी उद्घाटनकै अवसरमा संस्थाको सामाजिक उत्तरदायित्वअन्तर्गत बिर्तामोड नगर अस्पताललाई एलइडी टेलिभिजन प्रदान गरेको छ ।

# स्थानीय तहका उम्मेदवारले जरिवाना तिर्न नपर्ने



झापा(प्रस) । समयमा खर्च विवरण नबुझाउने स्थानीय तहको निर्वाचनका उम्मेदवारलाई जरिवाना तिराउन निर्वाचन आयोगले गरेको निर्णय उल्टिएको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले शुक्रबार सबै उम्मेदवारको जरिवाना माफी मिनाहा गर्ने निर्णय लिएसँगै आयोगको निर्णय उल्टिएको हो । यससँगै गत वैशाख ३० को स्थानीय तह निर्वाचनको खर्च विवरण नबुझाउने कुनै पनि उम्मेदवारले जरिबाना तिर्न नपर्ने भएको छ ।

मन्त्रिपरिषद् बैठकको सिफारिसमा नेपालको संविधानको धारा २७६ बमोजिम राष्ट्रपतिले जरिबाना मिनाहा गरेको राष्ट्रपति कार्यालयका सहायक प्रवक्ता लीलाकान्त पौडेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यसअघि खर्च विवरण नबुझाएको भन्दै आयोगले १ लाख २३ हजार ६ सय ५० जना उम्मेदवारलाई कारबाही स्वरूप १ लाख ५० हजार देखि ७ लाख ५० हजारसम्म जरिबाना गर्ने निर्णय गरेको थियो ।

# जापानमा दुईजना नेपालीको मृत्यु

झापा(प्रस) । जापानमा दुईजना नेपालीको मृत्यु भएको छ । जापानमा बस्दै आएका कास्की घान्द्रुकका ५३ वर्षीय हरिप्रसाद गुरुङ र म्याग्दी राम्चे काफलडाँडाका ज्योति पुनको मृत्यु भएको हो । पुनको अस्पतालमा उपचारको क्रममा बिहीबार मृत्यु भएको बताइएको छ । पुनको शनिबार जापानमा अन्त्येष्टि गरिने एनआरएनए आईसीसी सदस्य दीपक कार्कीले जानकारी दिए । गैरआवासीय नेपाली संघ जापानका वरिष्ठ उपाध्यक्ष नविन निउरेका अनुसार मृतक गुरुङको शव साईतामाको कुकी प्रहरी स्टेसनमा राखिएको र अन्त्येष्टिका लागि परिवारसँग सम्पर्क भइरहेको बताए । जापानमा यस वर्ष नेपालीहरुको मृत्युको संख्या बढ्दो रहेको बताइएको छ । जनवरीदेखि हालसम्म २ जना विद्यार्थीसहित ५ जनाको मृत्यु भइसकेको जनाइएको छ ।

# विपन्न परिवारलाई राहत सामग्री




भद्रपुर(प्रस) । बिर्तामोड ८ देउनियामा रहेको सेन्ट जेभियर्स स्कुलको स्वयम्सेवी समूहले भद्रपुरका ३५ विपन्न परिवारलाई राहत सामग्री हस्तान्तरण गरेको छ । विद्यालयका प्रिन्सिपल फादर बोनिफस तिग्गाको संयोजनमा गएका स्वयम्सेवी समूहका विद्यार्थीहरूले भद्रपुर ८ र ९ का ३५ विपन्न परिवारलाई राहत सामग्री तथा महिलाहरूलाई सेनिटेरी प्याड वितरण गरेका हुन् । विद्यार्थी समूहकी अध्यक्ष मुस्कान कोठारीले कार्यक्रमको औचित्यबारे प्रकाश पार्दै समाजका समस्या पहिचान गरी सामाजिक जागरणमा युवा विद्यार्थी हातेमालो गर्न सक्ने सामर्थ्य निर्माण गर्न सहयोगको बाटो रोजेको प्रष्ट पारेकी थिइन् ।

विपन्न परिवारको स्थलगत पहिचान गरी कार्यक्रम कार्यान्वयनको जिम्मेवारी शिक्षक तथा समितिका सचिव सालिकराम दाहालले लिएका थिए ।

राहत सामग्री भद्रपुर ९ को बुद्ध बस्ती , भद्रपुर ८ एयरपोर्ट छेउ सुकुम्बासी बस्ती, पश्चिममा रहेको चियाका बगान छेउको सन्थाल गाउँमा वितरण गरिएको थियो ।

## सहकारीका...

छ। सहकारीले विराटनगरका बचतकर्ताहरूबाट मात्रै करिब ६६ करोड रुपैयाँ निक्षेप संकलन गरेको छ। अन्य शाखा कार्यालयको समेत हिसाब गर्ने हो भने सहकारीले हालसम्म जम्मा डेढ अर्ब बराबरको निक्षेप संकलन गरेको बताइएको छ। कर्मचारीहरूका अनुसार सहकारीले ४८ करोड रुपैयाँ ऋण लगानी गरेको छ। सहकारीको शेयर पुँजी भने मात्र १० करोड रहेको छ। सहकारीको विराटनगर-१९ स्थित मिलनचोकमा १६ कठ्ठा जग्गा छ। झापाको गौरादहमा तुलसी राइस मिलको नाममा पनि डेढ बिगाह जग्गा छ। गाईघाटको खाबुमा समेत सहकारीको नाममा ३०० रोपनीभन्दा बढी जग्गा छ। सहकारीका कर्मचारीहरूका अनुसार दमक, गाईघाट र लेटाङमा पनि सहकारीले विभिन्न डिपार्टमेन्ट स्टोरहरू सञ्चालन गरिरहेको छ। यद्यपि, सहकारीले पैसा फिर्ता गर्न नमान्नु आश्चर्यजनक विषय भएको बचतकर्ताहरू बताउँछन्। विराटनगर-११ निवासी विनोदकुमार भगत भन्छन्, 'महिनादिन भन्दा बढी भइसक्यो। तर, आफैले जम्मा गरेको पैसा फिर्ता पाइएन्। मेरो साढे ३ लाख मात्र छ। सहकारीले २/३ हजार रुपैयाँ पनि दिन मानेको छैन।' केही दिनयता बचतकर्ताहरूले बचत गरेको रकम फिर्ता पाउनुपर्ने माग गर्दै सहकारी सञ्चालक र अध्यक्षको घर घेराउ गरिरहेका छन्। जसकारण हाल सहकारीको विराटनगरस्थित मुख्य कार्यालयका साथै अन्य शाखा कार्यालयहरू पनि बन्द छन्।

बचतकर्ताहरूको उजुरीका आधारमा मोरङ प्रहरीले मंगलबार मात्रै सहकारीको उपाध्यक्ष अनिता गौतम र सचिव सविना न्यौपानेलाई पक्राउ गरेको छ। प्रहरीसँग अभद्र व्यवहारको कसुरमा उनीहरूलाई पक्राउ गरिएको मोरङ प्रहरीका डिएसपी टिका कार्कीले बताए। पक्राउ परेका दुवैमाथि रकम अपचलनको कसुरमा अनौपचारिक अनुसन्धान थालिएको उनले जानकारी दिए। उनले भने, 'पैसा फिर्ता माग्ने बचतकर्ताको भीडले असुरक्षित भएपछि सहकारीका दुवै पदाधिकारीलाई उद्दार गरी जिल्ला ल्याएका थियौं। तर, उल्टै अभद्र व्यवहार गरियो। हाल उहाँहरू नियन्त्रणमा हुनुहुन्छ।' बचतकर्ताहरूको आक्रोशित भीड बढ्दै गएपछि हप्ता दिनअघि सहकारीले एक सूचना टाँस गरेको थियो। सूचनामा विश्वव्यापी आर्थिक मन्दीका कारण बचतकर्ताको निक्षेप फिर्ता गर्न समस्या भइरहेको विषय उल्लेख गरिएको थियो। बचतकर्ताहरू आक्रोशित हुन थालेपछि नै सहकारीको मुख्य कार्यालय बन्द गरिएको सहकारीका व्यवस्थापक सिताराम अधिकारीले बताए। सहकारीको नाममा अझैपनि पर्याप्त सम्पत्ति रहेकाले बचतकर्ताको रकम फिर्ता गर्न कुनै समस्या नरहेको उनले जानकारी दिए। उनले भने, 'रकम फिर्ता गर्ने प्रक्रिया अघि बढाइसकेका छौं। केही समय लाग्छ। तर, सबैले आ-आफ्नो पैसा फिर्ता पाउनुहुन्छ।'

विराटनगर-२ मुख्य कार्यालय रहेको तुलसी सहकारीका अध्यक्ष केदारनाथ शर्मा हुन्। सहकारी २०५२ सालमा स्थापना भएको हो। सहकारीले काठमाडौंको गोठाटारमा गोर्खा टी एण्ड कफी उद्योगमा पनि लगानी गरेको बताइएको छ। यसबाहेक भक्तपुरको मध्यपुर ठिमीस्थित शिखर दीप बचत तथा ऋण सहकारी संस्था, शिव शिखर कृषि सहकारी, गोर्खा वेभरेज र शिखर फ्रुट एण्ड स्पाइसेस जस्ता उद्योगमा समेत तुलसीको लगानी रहेको जनाइएको छ।

# बुधवारेमा लागूऔषधसहित दुई पक्राउ



झापा(प्रस) । प्रहरीले झापाको बुद्धशान्ति गाउँपालिकामा लागूऔषधसहित दुईजनालाई पक्राउ गरेको छ ।

बिहीवार दिउँसो ४.३० बजेको समयमा ईलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरी टोलीले बुद्धशान्ति गाउँपालिका वडा नं.४ जुनेली बस्ती बस्ने २० वर्षिय सुरज मगर जर्गालाई शंका लागेर उनको घरको कोठामा चेकजाँच गरेको थियो ।

त्यसक्रममा खाटमुनि रहेको कालो रंगको प्लास्टिकमा प्रतिबन्धित लागूऔषध SPASPAIN लेखेको ट्याब्लेट ५५पत्ता, TRAMADOL HYDROCHLORIDE लेखेको ५५पत्ता, र स-साना प्लास्टिकको पोकामा २ ग्राम ६४०मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।

उनलाई सोधपुछ गर्दा वडा नं.५ शान्तिनगर बस्ने ३८ वर्षिय अमृत श्रेष्ठसमेत संलग्न रहेको भनी खुलाएपछि दुवै जनालाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय धुलाबारीमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**१ नं. प्रदेशको**

## १५ दिने सूचना

सधियार दक्षिणः सन्जय धानुका को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री मन्जीवा खत्रीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-४ | १७९-०१२० | ४५८५ | १४६.२४ | २०७९/१०/११ | २०७९/१०/११ | २०७९/११/०२ |



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड , झापा**

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**प्रदेश नं. १, प्रादेशिक कार्यालय,बिराटनगर**
**अनारमनी वितरण केन्द्र**

फोनः ०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)

## विद्युत आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समयमा विद्युत आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र क्षमाप्रार्थी छ ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७९/११/०६ गते | ११ के.भि. धुलाबारी र बजार फिडर | धुलाबारी फिडर तथा बजार फिडरमा पर्ने सम्पूर्ण स्थानहरु | बिहान ०७:०० बजेदेखि ११:०० बजेसम्म । | धुलाबारी फिडर तथा बजार फिडर अन्तर्गत विद्युतीय संरचना मर्मत तथा बुसकटिङ्ग कार्य गर्नु पर्ने । | उल्लेखित समयभन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

- नेपाल विद्युत प्राधिकरण
अनारमनी वितरण केन्द्र



बिर्तामोड नगरपालिकाको आह्वान, हात्तीपाइले रोग मुक्त नगर हाम्रो अभियान

## हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति **२०७९ फागुन ११ गतेदेखि** हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीहरूद्वारा खुवाइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान **२०७९ फागुन १७ गतेसम्म** सञ्चालन हुने भएकोले उक्त औषधि आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरू**

- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने ।
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरुषको अण्डकोष वरपर नसाहरू फुल्ने ।
- पुरूषमा अण्डकोष ठूलो भई हाइड्रोशिल हुने ।
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने ।
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने ।
- पिसाब सेतो वा रातो आउने ।
- लामो समयसम्म सुख्खा खोकी लागिरहने ।
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरू बाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधि सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
प्रदेश नं. १, झापा








## गुगल रेष्टुरेन्ट एण्ड बार

शान्त तथा पारिवारिक वातावरणमा विभिन्न किसिमका स्वादिष्ट भेज तथा ननभेज परिकारका खानाहरु , म:म , चाउमिन , थुप्पा , सेकुवा, हुक्का तथा पेय पदार्थ सरल तथा सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

**स्वादिष्ट खानाको लागि हामीलाई सम्झनुहोस्**



गुगल रेष्टुरेन्ट एण्ड बार
भद्रपुर रोड , बिर्तामोड (कुमारी बैंक पछाडी)
मो : ९८४२६७७३७७ , ९८०७९०४४३० , ९८०३२८०२३२
Free WiFi


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### राष्ट्रपति चुनावको सकस

यतिबेला सत्तारुढ पार्टीभित्रै राष्ट्रपति चुनावको सकस देखिएको छ । राष्ट्रपति चयनको विषयलाई लिएर दलहरुबीच अविश्वास पैदा मात्र भएको छैन , सरकार रहनेमा आशंका पनि उब्जिएको छ । झण्डै डेढ वर्षपछि पार्टी सत्ताको मूलधारमा फर्किंदा उत्साहित बनेको एमाले पंक्ति राष्ट्रपति चुनावपछि कतै सत्ताबाट बाहिरिनुपर्ने त हैन भन्ने संशयमा छ ।

राष्ट्रपतिमा हठ गरेर अडान लिइरहे एमाले १० पुसलगत्तैको कांग्रेसको अवस्थामा पुग्ने संकेत देखिएकैले एमालेभित्र अन्योलको स्थिति पैदा भएको हो ।

संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेस राष्ट्रपति र प्रधानमन्त्री आफैंसँग राख्ने अडान लिँदा सत्ताबाट विमुख भएको थियो ।

केन्द्रमा पहिलो दल, ७ प्रदेशमध्ये ४ वटामा पहिलो र ३ वटामा दोस्रो भएको कांग्रेस सत्ताको अंक गणितमा बलियो अवस्थामा थियो । तर राष्ट्रपति र प्रधानमन्त्री दुवै आफूले लिने अडानका कारण सबैतिर प्रतिपक्षमा सीमित हुनुपऱ्यो ।

सुदूरपश्चिमको प्रदेश सरकार ठूलो दलको हैसियतमा प्राप्त त भएको छ, तर १ महिनाभित्रै विश्वासको मत लिनुपर्ने भए पनि त्यसको कुनै ग्यारेन्टी छैन ।

१३ फागुनमा उम्मेदवारी मनोनयन भएर २५ फागुनमा राष्ट्रपति चुनाव हुँदैछ ।

सत्ताको नेतृत्व गरिरहेको र राष्ट्रपति चुनावमा निर्णायक मत लिएर बसेको नेकपा माओवादी केन्द्र राष्ट्रपतिमा एमालेले उठाउने उम्मेदवारप्रति उदार नदेखिने प्रस्टै संकेत मिलिसकेको छ ।

१० पुसमा दोस्रो ठूलो दलले प्रधानमन्त्री अफर गरेपछि गठबन्धनमा एमाले प्रचण्डका लागि बाध्यता थियो । तर २६ पुसमा कांग्रेसले विश्वासको मत दिएयता उनको विकल्प र बार्गेनिङ बढेको छ । अर्कातिर एमाले रक्षात्मक अवस्थामा पुगेको छ ।

१० पुसमा यो सत्ता गठबन्धन बनेयताका प्रचण्ड–ओलीबीचका १९ पटक एक्लाएक्लै भेट भइसकेको छ । संयुक्तरूपमा भएका भेटसमेत जोड्दा यो संख्या २७ पुग्छ ।

अन्तिमपटक शुक्रवार दिउँसो पनि एमाले अध्यक्ष ओलीकै निवास बालकोटमा यी दुई नेताबीच भेटवार्ता भएको छ ।

ओलीसँग भेटेर बाहिरिने क्रममा प्रचण्डले राष्ट्रपतिका विषयमा छिट्टै सहमतिमा पुगिने बताएका छन् । तर, सहमति उनले सार्वजनिक खपतका लागि भनेजस्तो सहज भने देखिएको छैन ।

प्रधानमन्त्री र एमाले अध्यक्षबीचको निरन्तरको भेटले पनि निकास निस्कने अवस्था नआउनुलाई समीकरण टुट्ने संकेतका रूपमा रहेको विश्लेषण गरिएको छ ।

एमालेका लागि ठूलो चिन्ताको विषय त राष्ट्रपति निर्वाचन नै हो । आफूले भनेकै व्यक्ति राष्ट्रपति हुनुपर्ने अडानमा बसिरहे केन्द्र मात्रै होइन प्रदेशको सत्ताबाट समेत एमाले विमुख हुनुपर्ने अवस्था आउन सक्ने देखिएको छ, किनकी अन्तिममा माओवादीले राष्ट्रपतिमा कांग्रेस उम्मेदवारलाई समर्थन गर्ने अवस्था आए सत्तारुढ दल एमालेलाई ठूलो नैतिक संकट पर्नेछ ।

कांग्रेसले प्रचण्डलाई भरथेग गरिरहेका बेला एमाले आफ्नै अडानमा कायम रहिरहे केन्द्रदेखि प्रदेशसम्मकै सत्ताबाट हात धुनुपर्ने डर एमालेको नेतादेखि कार्यकर्तासम्मै छ । तर ओलीले अडान लिँदासम्म हुन्न भनेर कसैले भन्न सक्ने देखिँदैन ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# महा शिवरात्री



**वर्ष दिनभरि १२ वटा शिवरात्रि रहन्छन्**

चन्द्र मासको चौधौँ दिन अर्थात् नयाँ चन्द्र उदाउनुपूर्वको रातलाई शिवरात्रि भनिन्छ, यस अर्थमा वर्ष दिनभरि १२ वटा शिवरात्रि रहनेमा हरेक वर्षको फाल्गुन महिनाको कृष्ण चतुर्दशीमा पर्ने शिवरात्रिको आध्यात्मिक अनि सांस्कृतिक महत्व अतुलनीय छ । यस रात वैज्ञानिक रूपमै पनि पृथ्वीको उत्तरी ध्रुव यस्तो तरिकाले रहन्छ कि पृथ्वीमा रहेका जीवहरूमा शक्ति अनि गुरुत्वाकर्षणको असाधारण बहाव रहन जाने प्रमाणित गरिएको छ । सायद यसै कारणले होला यस दिन प्रकृतिले नै मानिसलाई आध्यात्मिक पक्षतर्फ तान्ने विश्वास गरिन्छ । यसै आध्यात्मिक शक्ति, आकर्षण अनि जागरणलाई आफ्नो शरीरमा बहन दिनलाई पनि आज रातभरि जाग्राम बसेर शिवरात्रि मनाइने सांस्कृतिक चलनलाई वैज्ञानिक रूपमा व्याख्या गरिएको पाइन्छ ।

**आज पशुपतिनाथको कुम्भ**

अझ नेपाल त झन् इतिहासले पनि आफ्नो दस्तावेजमा समेट्न नसकेको आराध्य देव पशुपतिनाथको देश, विभिन्न पुराण अनि धार्मिक दस्तावेजमा उल्लेख गरिएको श्लेष्मान्तक वनजस्तो पवित्र चरनभूमि, कैलाशको शीतल छायाँ परेको भूमि अनि हिन्दुहरूको आस्थाको भूमि । आज पशुपतिनाथमा विशेष घुइँचो रहन्छ, आज पशुपतिनाथको जनसागरलाई एउटा धार्मिक कुम्भको रूपमा व्याख्या गर्न सकिन्छ । साधुहरूको व्यापक उपस्थिति रहन्छ आज पशुपतिमा, विभिन्न कुरामा सिद्धता हासिल गरेका अनि यो हामी बसिरहेको समाजभन्दा परको अध्यात्म अनि सन्यास जीवन व्यतीत गरिरहेका साधुहरू भारत अनि नेपालका विभिन्न भागहरूबाट पशुपतिनाथ दर्शन, भ्रमणका लागि आउने गर्दछन् । फर्कने बेला उनीहरूलाई पशुपति विकास कोषले दक्षिणा अनि भेटीसहित औपचारिक बिदा दिने चलन पनि छ ।

**शिवको अर्थ**

आजको दिन शिवको वरिपरि घुमेको छ , शिव ती भगवान् जसको आकार छैन, जसलाई आदि र अन्तले विभाजन गर्न सक्दैन, जसको रिसको विध्वंसले संसारका सम्पूर्ण अवयवहरूलाई छिन्नभिन्न गरिदिन सक्छ, ती शिवको विशेष अनि प्रिय दिन हो आज । शिव अर्थात् त्यो तत्व जुन छ पनि र छैन पनि, आजको आधुनिक विज्ञानले सम्पूर्ण कुराहरू जुन श्रोतबाट आउँछ त्यसैमा विलीन हुन्छन् भनी अणु अनि परमाणु अवयवहरूको प्रमाण खोजिरहँदा भएर पनि नभएका यी भगवान् शिवको अस्तित्वले संसार अनि सृष्टिलाई एउटा दृष्टान्त दिईनै रहेको छ । विज्ञानले धेरै अध्यनपछि संसारका हरेक कुराहरू अनि जीवहरू ब्रह्माण्डका तत्वरूपी शक्तिबाट बन्ने र तिनैमा विलीन हुने निष्कर्षमा पुगेको छ, यस ब्रह्माण्डका एउटा शक्तिका अनेक स्वरूपहरूमा हावा, पानी, आगो, आकाश अनि माटो रहेको पञ्चतत्वका रुपमा व्याख्या गरिन्छ । यिनै तत्वहरूबाट हामी सबै निर्मित छौँ, ब्रह्माण्डका यी सम्पूर्ण स्वरूपको एउटै श्रोत भगवान् शिव हामीसामु अनेक स्वरूपमा छन् ।

यो हावा, सुख्खा यो फाल्गुनको महिनामा उडेका झरेका पातहरू, पलाएका पालुवादेखि छरिएको विजले माटोमा अंकुरण गर्ने स्वरूपसम्ममा त्यो निराकार शिवतत्वको उपस्थिति छ । धर्म अनुसार नाम फरक होला, व्याख्या फरक होला तर शिवतत्वका सृजनाका रुपमा हामी रहेका छौँ । के बालक के वृद्ध अनि के वयस्क ? आज नारी पुरुष, स्वदेशी विदेशी आदि सबैको घुँईचोले शिवालयहरू भरिएका हुन्छन्, हामी मध्य धेरैले शिवलाई गाँजा भाङ धतुरो आदि सेवन गर्ने एउटा अचम्मको भगवानपात्रका रूपमा अपव्याख्या या अल्पसंख्या गरिरहेका हुन सक्छौँ तर शिवका यी सम्पूर्ण बानीभित्र सृष्टि अनि समाजको गहिराई लुकेको छ ।

शिव तिनै हुन् जसले विष पिएर नीलकण्ठ भएर गोसाईंकुण्ड पर्वतमा पुगे, शिव तिनै करुणामयी पात्र हुन् जसले पत्नी सतीदेवीको असामयिक मृत्युको वियोगमा पत्नीको मृत शरीरलाई अङ्गालो मारेर अश्रुका धारा बगाउँदै लामो समयसम्म ब्रह्माण्ड यात्रा गरेका थिए, त्यही यात्राका क्रममा गल्दै गएको सतीदेवीको शरीरका अङ्गहरू जहाँ जहाँ विसर्जन भए त्यहाँ त्यहाँ शक्ति पीठहरूको उत्पत्ति हुँदै गयो । आज तिनै शिवको विवाह वार्षिकी अनि साधकहरुका लागि भने आज शिव भगवान् पर्वतको रूप धारण गरेर अचल, अमर अनि अजर आशुतोष हुनुभएको दिन हो तसर्थ शिवरात्रिको रातलाई अचल अनि निर्भय रात्रीका रुपमा पनि लिइन्छ । योगी अनि साधकहरुका लागि शिव भगवान् नभईकन एउटा आदि गुरु हुन् जसले योग शिक्षा सप्तऋृषिहरुलाई औपचारिक अनि दस्तावेजका रुपमा हस्तान्तरण गरेका थिए, तिनै योग अनि अभ्यासहरू आज संसारभरि स्वास्थ्य रहनका लागि धेरैले अनुसरण गर्ने गर्दछन् । यी प्रात कालका नायक अनि आदिकालदेखिका आदि गुरु शिवप्रति समर्पित आजको दिनमा सबैको कल्याण होस् ! यस वर्ष त कोरोनाले थिलथिलो पारेको मानव सभ्यता र समाजलाई शिवतत्वको धेरै नै आवश्यकता छ । संसारमा सबै कुरा शिवतत्वबाटै आउँछ अनि त्यसै तत्वमा मिसिन्छ, धन, जन या तन त्यागेर भन्दा पनि सच्चा मान्छे हुन अहम् त्यागेर त्यागी बन्न सकौँ । गाँजा भाङ अनि धतुरोको सेवनले शिव बनाउँदैन, शिवतत्वको आत्मसात गरौँ, यो शिवरात्रिमा रिस, राग अनि अहंकारको त्याग गरौँ अनि जीवनको साँचो पथतर्फ लम्कदै जाँऔ ।

# नागरिकमा सेवा प्रवाह



• हरिबहादुर थापा

संविधान सभाबाट संविधान घोषणा भएको सात वर्ष पूरा भएर दुई पटक सबै तहमा आवधिक निर्वाचन सम्पन्न भई राजनीतिले आफ्नो गति लिइरहेको छ । तथापि नेपालको संघीय कर्मचारी संयन्त्र भने २०४९ सालमा जारी भएकै कानुनद्वारा परिचालित र व्यवस्थित भइरहेको छ । संविधानको धारा २८५ मा सरकारी सेवाको गठन गर्ने व्यवस्था रहेको छ । सबै सरकारी सेवा तथा सार्वजनिक सेवाको लागि मार्गदर्शक मानिने संघीय निजामती ऐन बदलिँदो परिस्थिति अनुकूल हुने गरी जारी हुन नसकेको कारणले संघीय निजामती सेवा मात्र नभई अन्य सरकारी सेवामा कार्यरत कर्मचारी एक किसिमको अन्योलको वातावरणमा रुमल्लिरहेको लामो समय भइसकेको छ । २०७५ साल चैत १४ गते सम्पन्न भएको भनी घोषणा गरिएको निजामती तथा स्वास्थ्य सेवाका कर्मचारी समायोजनबाट सिर्जित परिस्थितिले अझै पूर्ण रूपमा स्थिरता प्राप्त गर्न सकेको छैन ।

सरकार परिवर्तनसँगै विभागीय जिम्मेवारीमा आउने हरेक मन्त्रीबाट सङ्घीय जिजामती ऐन ल्याएरै छाड्ने प्रतिबद्धता पेस भएकै हुन्छ । तर पनि ऐन आउन सकेको छैन । राज्य व्यवस्था समितिसम्म पुगेको ऐन कुनै न कुनै रूपमा संसद्बाट पास हुन्छ भन्ने अपेक्षा गरिएको थियो । तथापि विभिन्न मुद्दा निस्कने र तीनमा एकमत नहुने समस्याले ऐन अगाडि बढ्न सकेन । राजनीतिक दाउपेचको क्रममा अदालतमै प्रश्न उठ्ने गरी विभिन्न किसिमका अध्यादेश पनि आए, तर देशको स्थायी सरकार भनिने संघीय निजामती ऐन अध्यादेशको रूपमा समेत जारी हुने प्रयत्न भएन । निजामती सेवा ऐन, २०४९ अन्तर्गत सेवा प्रवेश गरेर पनि संविधानको धारा ३०२(२) लाई आधार बनाइ जारी भएको कर्मचारी समायोजन ऐन, २०७५ अनुसार राजपत्राङ्कित द्वितीय श्रेणीसम्म कार्यरत हजारौँ कर्मचारी प्रदेश तथा स्थानीय तहमा समायोजन भई तीमध्येका कतिपय कर्मचारी सेवानिवृत्त तथा बढुवासमेत भइसकेका छन् । कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भएका कर्मचारी अझै पनि २०४९ सालकै ऐनबाट परिचालित हुनुपरेको कठिन अवस्थाबाट हामी गुज्रिरहेका छौं ।



बदलिँदो सन्दर्भ र परिवेशलाई तुलना गर्ने हो भने अहिले संघीय निजामती विधेयकमा विमति देखिएका मुद्दा आफैँमा त्यति पेचिला लाग्दैनन् । निजामती सेवालाई बृहत रूपमा परिमार्जन गर्ने परिकल्पनासहित थप विषय उठान, छलफल र प्रस्ताव गर्नुपर्ने देखिन्छ । यसमा विद्यमान ऐनका प्रावधानलाई नै सामान्य परिमार्जन गर्न खोजिएको मात्र बुझिन्छ । निजामती कर्मचारीको अवकाश उमेर ६० वर्ष बनाउने वा ५८ नै कायम राख्ने भन्ने जस्ता विषयमा मात्रै धेरै ऊर्जा खर्च भएको देखिन्छ । निजामती प्रशासनलाई देशको स्थायी सरकारको रूपमा लिइन्छ । राजनीतिक प्रणाली संविधानमा स्पष्ट गरिएको भए पनि यसले अझै स्थिरता हासिल गर्न सकेको छैन । पछिल्लो राजनीतिक शक्ति सन्तुलनअनुसार प्रतिनिधि सभा र प्रदेश सभाको आगामी कार्यकाल पनि राजनीतिक दलबीच उच्चस्तरको समझदारी र परिपक्वता प्रदर्शन गर्नुपर्ने अवस्था देखिएको छ । यसकारण पनि राजनीतिक शक्तिको मुख्य सहयोगी शक्तिको रूपमा रहेको निजामती सेवा थप जिम्मेवार, क्षमतावान्, प्रभावकारी तथा जनमुखी हुनु जरुरी देखिएको छ ।

अबको निजामती सेवा केवल सरकारी सेवाप्रवाह गर्ने कर्मकाण्डी व्यवस्थापनबाट होइन पछिल्ला दशकमा विश्वव्यापी रूपमा अभुतपूर्व गतिमा विकास भइरहेको सञ्चार तथा प्रविधि, विश्वव्यापीकरण, मानव अधिकार र आर्थिक उदारीकरणजस्ता मुद्दालाई पनि सम्बोधन गर्नसक्ने गरी विन्यास हुन जरुरी छ । सेवाग्राही धेरै चतुर तथा सुझबुझ एवं अनुभवी भएका छन् । सेवाग्राहीलाई दिइने सेवा उनीहरूलाई राज्यले दिएको थप सुविधा होइन, यो त उनीहरूको अधिकार हो भन्ने धारणा विकास भइसकेकाले अबका दिनमा सार्वजनिक सेवाप्रवाह गर्ने निजामती कर्मचारी बढी चुनौतीपूर्ण हुँदै गएका छन् । नेपालको मात्रै होइन सुरुवातदेखि नै विश्वभरिकै सार्वजनिक सेवाप्रवाह माथि गुनासो रहँदै आएकोमा केही देशले गुनासोलाई महत्वपूर्ण पृष्ठपोषणका रूपमा लिएर आफ्नो सेवालाई उल्लेख्य सुधार गरी स्वागतयोग्य नतिजा हासिल पनि गरेका छन् । हाम्रो सन्दर्भमा पनि अहिले निजामती सेवासम्बन्धी विधेयक छलफलमा रहेकोले यस परिवेशको सदुपयोग गरेर समग्र सेवालाई सुधारतर्फ लैजान सकिन्छ । हामीले निजामती सेवासम्बन्धी कानुनमा नागरिकप्रतिको उत्तरदायित्वको पक्षलाई उच्च प्राथमिकताका साथ समावेश गरेर लैजान नसक्ने हो भने सार्वजनिक सेवाप्रवाहबाट जनताको विश्वास र राजनीतिक अपेक्षा हासिल गर्न सकिँदैन ।

अबका नागरिकले आफ्नो काम लिएर सार्वजनिक निकायमा जाँदा त्यो काम कसरी हुन्छ, कहिले हुन्छ, कसले गर्ने हो, कति रकम वा कुन कुन विवरण कागजात चाहिने हो, कति समय लाग्ने हो भन्ने जस्ता प्रश्नको उत्तर नागरिक बडापत्रमा उल्लेख गरेर मात्र सुख नपाइन सक्छ । सेवाग्राहीले खोजेको काम हुँदैन भने किन हुँदैन, भएन भने किन भएन, कहिले अनि कसरी हुने हो भनेर लिखित रूपमा आधिकारिक जानकारी नै माग गर्न सक्छन् सेवाप्रवाही । परम्परागत रूपमा जस्तो हुँदैन वा मिल्दैन भन्ने मात्र अपुष्ट र गोलमटोल जवाफले मात्र सेवाग्राहीहरूको विश्वास जित्न सकिने छैन । नेपालको सार्वजनिक निकायबाट प्रदान गरिने सेवा सम्बन्धमा क्षतिपूर्तिसहितको नागरिक वडापत्रको अवधारणा कार्यान्वयनमा ल्याउन प्रयत्न भएको हो । तर त्यसमा प्रक्रियागत छरितोपन र सहजता नभएको हुनाले अपेक्षित परिणाम हासिल गर्न कठिन भयो ।

विद्यमान संरचना र विधिअनुसार कुन कारण वा खास कुन पदाधिकारीको कारणले अपेक्षित सेवाप्रवाह हुन नसकी सेवाग्राहीलाई क्षति पुग्न गएको हो भन्ने किटानी गर्न कठिनाइ रहेको छ । अबको निजामती सेवाले अमूर्त रूपमा रहेको खास निकाय वा संरचनालाई दोषी देखाउनुभन्दा पनि सेवाग्राहीलाई पर्न जाने क्षतिमा पदाधिकारी व्यक्ति विशेषको नियत, क्षमता वा लापरबाहीलाई वस्तुगत रूपमा विश्लेषण गरी सम्बन्धित व्यक्तिको कमीकमजोरी पहिचान तथा मूल्याङ्कन गरी त्यसको उचित उपचारका विधिको विकास तथा कार्यान्वयन गरिनु उपयुक्त हुन्छ ।

सेवाप्रवाही प्रतिको उत्तरदायित्व, राज्यले प्रदान गरेको जिम्मेवारी बहन तथा पदीय आचरण र पेसागत इमानदारितालाई वस्तुगत मापदण्डका आधारमा विभाजन गरी सोअनुसारको मूल्याङ्कन र अभिलेखन गर्न सकिए मात्रै सम्बन्धित कर्मचारी एवं पदाधिकारीको वास्तविक कार्यसम्पादन मूल्याङ्कन अनि सोही मूल्याङ्कनका आधारमा थप सुविधा, पदोन्नति तथा दण्ड र पुरस्कारको निर्क्योल गर्न सकिन्छ । निजामती ऐनले कर्मचारीका हकहित र सरोकारसँगै सेवाप्रवाहको गुणस्तर र सेवाग्राहीप्रतिको जिम्मेवारीलाई पनि स्पष्ट रूपमा सम्बोधन गर्नसके मात्र संविधानको मर्मबमोजिम समग्र निजामती सेवाको औचित्य साबित गर्न सकिन्छ ।

निजामती विधेयक तर्जुमाका क्रममा श्रेणीगत प्रणालीबाट तहगत प्रणालीमा लैजाने विषयको अलावा एक तहबाट अर्को तहमा बढुवा हुने प्रणालीमा समेत विद्यमान प्रावधामा बृहत परिवर्तन गर्नुपर्ने देखिन्छ । अहिलेको बढुवा प्रणाली भनेको कुनै पनि कर्मचारी बढुवा हुनका लागि उसको माथिल्लो तहमा पद खाली हुनैपर्छ । कुनै पनि कर्मचारी जति वर्ष सेवा गरे पनि जति नै काविल भए पनि माथिल्लो तहमा पद खाली नभएमा उसको बढुवा नै हुन सक्दैन । अर्कोतर्फ, निजामती सेवाको बढुवाको लागि नियम एउटै भए पनि सेवा समूह वा उपसमूहअनुसार कुनैमा बढुवाका लागि योग्य उम्मेदवार नै पाइँदैन भने कुनैमा चाहिँ एउटै पदबाट अवकाश भएर जानुपर्ने अवस्था पनि छ । कुनै खास सेवा समूह वा उपसमूहबाट सेवा प्रवेश गरेकै कारणले एउटै निजामती सेवामा पनि व्यक्ति विशेषको वृत्तिविकास अवरुद्ध वा ढिलाइ हुने विडम्बनापूर्ण परिस्थितिले गर्दा उसको मनोबलमा पर्ने असर र त्यसले सेवाप्रवाहको गुणस्तरमा पर्ने नकारात्मक असरको कारण सेवालाई पनि नकारात्मक असर गरेको हुन्छ ।

सेवा प्रवेश गरिसकेको कर्मचारीले आफ्नो वृत्ति योजना र वृत्ति विकास बारे सहजै पूर्वानुमान गर्नसक्ने गरि वस्तुगत विधिको प्रत्याभूति कानुनमै गर्नु जरुरी छ । सेवा वा समूहको संरचनाअनुसार गरिने बढुवा विधिलाई विस्थापन गरी व्यक्तिको अवसर र क्षमताका आधारमा जुनसुकै सेवा, समूह वा उपसमूहमा रहे पनि औषतमा एउटै अवधिमा वृत्तिविकास हुने विधिको प्रत्याभूति गर्नु प्राकृतिक न्यायको सिद्धान्त सम्मत हुन्छ ।

विगतमा जति नै आलोचना गरिए पनि निजामती सेवा ऐन, २०४९ को बढुवासम्बन्धी विधिलाई संशोधन गरी २४ घ अनुसार गरिएको बढुवा प्रणालीले वर्षौँसम्म एउटै पदमा खुम्चिएर, कुजिएर, दबिएर रहेका हजारौँ कर्मचारी माथि एक किसिमले न्याय पनि गरेको हो । त्यसलाई समयमै उपयुक्त विधि अपनाएर व्यवस्थापन गर्न नसक्दा मात्रै समस्या ठूलो देखिएको हो ।

# नेपाली सेना दिवस



**सैनिक अभ्यास सुरुवात**

पूर्वीय सीमाबाट बहने मेची खोला र पश्चिमी सीमाबाट बहने महाकाली यस देशका सीमाहरू हुन् । नेपालको इतिहासको लिखित सुरुवात भने ईशापूर्वको ३५० वर्षअघिबाट भएको पाइन्छ । पौराणिक समयमा गोपाल, महिसपाल, किराँत, लिच्छवीलगायतका बशंले शासन गरेका यस ठाउँमा राज्यहरूमाथि आक्रमण गर्ने, कब्जा गर्ने अनि आफ्नो राज्यको सीमा बिस्तार गर्ने जस्ता कुराहरू समय समयमा भइरहन्थे । रेकर्डहरू केलाउने हो भने नेपालको आफ्नै सेना खडा गरिएको सन् ३५० पछिका इतिहासहरू भेटिन्छ । उतिबेला तिब्बत र भारत दुवैतर्फमा राज्यहरूमा आ-आफ्नै सेना खडा भइसकेका थिए। लिच्छवी बंशको शासनताका सेनाको संस्थागत प्रयास नेपाली भूमिमा सुरु भएको इतिहास भेटिन्छ । राजाहरू मानदेव, शिवदेव, नरेन्द्रदेव र अंशुवर्माका प्राचीन शोध र तथ्यहरू लगायत शिलालेखमा यी कुराहरू उल्लेख छ । यसभन्दा अघिबाट नै सेनाको अभ्यास भएको हुनुपर्दछ तथापि तथ्यहरू यिनै राजाका पालाका भएकाले यहाँबाट सैनिक अभ्यास सुरुवात भएको मानिएको छ ।

नरेन्द्रदेवका पालामा उत्तरी राष्ट्रका अनुरोधमा दक्षिणमा आक्रमण गर्न ७००० घोडसवार, ३५०० प्रारम्भिक दस्ता खडा गरेको पाइन्छ । प्राचिनकालमा सैन्य दस्ताहरू देशको बीचमा राख्ने चलन थियो भने मध्यकालमा सेनाहरूलाई विभिन्न उच्च भागमा भएका किल्ला अनि सिमाना हिसाबले संवेदनशील ठाउँमा राख्न थालिएको हो । किल्लाका कमान्डरलाई क्वान्थ नायक भनिन्थ्यो जो अत्यन्त शक्तिशाली हुने गर्दथे, उनैको नेतृत्वमा सैनिकहरू खटाइएका हुन्थे । मध्ययुगिन समयताका कर्णाली क्षेत्रका खस मल्ल वंशहरूलाई काठमाडौंका मल्लहरूले सहजै हराएको इतिहास छ , कर्णालीका खस मल्लहरूसँग पनि सैन्य दस्ता अत्यन्त मजबुत भएको तथापि काठमाडौं मल्लहरूको रणनीतिक अनि आधुनिक रण कौशलअघि उनीहरू सहजै हारेका थिए । यस समयमा नेपाल विभिन्न राजा रजौटाहरूमा बाँडिएको थियो, सेनाहरू राजा, युवराज, ओमरावस, क्वान्थ नायक लगायतका हातमा अनि कुनै एक निर्दिष्ट शक्तिको निर्देशनमा मात्र थिएनन् । काठमाडौं र डोटी लगायतमा त भारतीय सेनाहरूको पनि केही साथ र सहयोग पनि रहेको पाइएको थियो । तर जब १७ औं शताब्दीमा युरोपबाट एसिया र अफ्रिकामा उपनिवेशवादको लर्को सुरु भयो तब विदेशी सेना अनि घुसपैठी लगायत राज्यहरूमा स्वतन्त्रताको प्रतिरक्षाका लागि ठुलो चुनौती खडा भयो ।

इस्ट इन्डिया कम्पनीले भारतका अधिकांश ठाउँहरु कब्जा गर्दैगर्दा यता नेपालका राजा रजौटाहरुलाई नेपालीपनाको एकै आधारमा पृथ्वी नारायण शाहले एकीकृत गर्दै आएका हुन् । नेपाली सेनाको सुरुवात र संस्थागत अभ्यासको लागि यसै एकीकरण प्रक्रिया नै एउटा महत्वपूर्ण बिन्दु मानिन्छ । गोर्खाका सेना बाहेक पनि एकीकरणमा सहयोग गर्न पृथ्वी नारायण शाहले भारतीय भूमिसँग नाता गाँसेर युद्धका सामान अनि हतियार मगाएको देखिन्छ, नेपाली सेनाको रणकौशलताका सुरुवाती दिनहरू त्यहीबाट सुरु भएको हो ।

ब्रिटिसहरूले गोर्खाली सेनाका विरुद्धमा विभिन्न युद्धहरू लडेका ब्रिटिसहरूले गोर्खाली फौजको अदम्य साहस देखेर पछि आफ्ना सैन्य दस्तामा नेपाली फौज भर्ती लिन थाल्यो । तर नाम भने गोर्खा नै रह्यो, यसकारणले पनि नेपाली सेनालाई विदेशमा गोर्खाका नाममा चिनिन्छ । गोर्खाबाट सुरु भएको एकीकरणको आगो र धागो आजसम्म पनि नेपाली सेनाले ज्वलन्त बनाएर हिँडेको छ ।

सन् १७४४ बाट आजसम्म पनि नेपाली सेनाले अबिछिन्न राष्ट्रप्रेम अनि साहस प्रदर्शन गरिरहेको छ । विश्वयुद्धदेखि गृहयुद्धसम्म देशलाई अफ्ठेरो परेको बेला सेनाको सक्रियता देखिएको छ । भूकम्प होस् या कुनै दुर्घटना या अन्य प्राकृतिक प्रकोप, सेना हरेक ठाउँमा पुगिदिन्छ । बाटोघाटो, खेलमैदान, परेड, राष्ट्रिय शान देखि वैदेशिक शान्ति सैनिकका रूपमा नेपाली सेना सर्वत्र चर्चामा छ । सन् २००२ देखि सन् २००७ सम्म नेपाली सेनाले आफ्नो संख्या ५० हजारबाट ९५ हजार बनाएको हो । माओवादी दस्ताबाट पनि सेनामा समायोजन गरिएको छ ।

**नेपालमा सेना दिवसको सुरुवात**

हरेक वर्ष महाशिवरात्रिका दिन नेपालमा सेना दिवस मनाइन्छ र यस क्रमको सुरुवात भने सन् १९३५ बाट भएको बताइन्छ ।

काठमाडौं आसपासमा केही हप्ता अगावै आकाशमा सेनाका हेलिकप्टरका लर्को र हवाई परेड अभ्यास देखिन थालिएको हुन्छ । आजका दिन टुँडिखेलमा सेनाले विशेष कार्यक्रम र परेड प्रदर्शन गर्दछ । उच्च ओहोदाका सैन्य अधिकारी अनि राष्ट्राध्यक्षसम्मको उपस्थिति हुने यस कार्यक्रम हेर्न सर्वसाधारणको भीड लाग्ने गर्दछ । देशको रक्षार्थ रहेका सेनाले आफ्नो अदम्य साहस र कूटनैतिक कौशल सप्तरीको तिलाठीदेखि सुस्ता अनि कालापानीसम्म देखाउन सकुन् । सेना सदैव एउटा गैर राजनैतिक अनि पारदर्शी र अनुशासित संस्था हो, यसमा आँच नआओस् । रासन, आसन अनि शासन सर्वत्र सेनाको आड भरोसा नेपाली रहिरहोस् ।

# बिर्तामोडमा अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव

















# मानव डेन्टल

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE

काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड

फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



# वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** महत्वपूर्ण कामको योजना बन्नेछ । सामाजिक क्षेत्रबाट सफलता पाइएला ।

**वृष** आज भाग्यले विभिन्न अवसर जुराउनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** नयाँ रचनात्मक काममा जुट्ने समय छ । धार्मिक क्षेत्रमा रुचि बढ्नेछ ।

**कर्कट** साझेदारी काममा उल्झन आउन सक्छ । स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ ।

**सिंह** ठीक समयमा सही निर्णय लिन सकिनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ ।

**कन्या** आज धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । सफल यात्राको योग छ ।

**तुला** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**वृश्चिक** सहकर्मीबाट विरोध पनि आउन सक्छ । खर्चसमेत बढ्ने योग छ ।

**धनु** धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । प्रेम सम्बन्ध अझै कसिलो हुनेछ ।

**मकर** आज नयाँ अवसरहरू आउनाले मन प्रसन्न रहनेछ । स्वादिष्ट भोजनको यो छ ।

**कुम्भ** आज पुरानो समस्या सुल्झाउन सकिनेछ । देश र सामाजिक हितमा मन जानेछ ।

**मिन** मनमा उत्साहको कमी देखिनसक्छ । गरिएको कामबाट लाभ लिन सकिने छैन ।